नेपाल सरकार

# महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

## सामाजिक सुरक्षा शाखा

सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८३/८४

च.नं. :- ८५

मिति :- वि.सं. २०८३/०५/०२

ने.स. :- ११४६ गुंलाथ्व,६ मङ्गलवार

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही दर्ता सम्बन्धमा।

श्री स्थानीय तह

सबै।

उपर्युक्त विषयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको परिचयपत्र नवीकरण तथा नयाँ दर्ताको लागि यस मन्त्रालयबाट मिति २०८३/०४/०१ र मिति २०८३/०४/०५ मा भएको परिपत्र अवगतै छ। सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्र नवीकरण तथा नयाँ दर्ताको क्रममा लाभग्राहीहरुलाई केही असुविधा भएको भनी गुनासो प्राप्त भएकोले पुनः यो परिपत्र जारी गरिएको छ।

यसै सन्दर्भमा, सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ मा सामाजिक सुरक्षा भत्ताका लागि आफैंले निवेदन दिन नसक्ने व्यक्तिको तर्फबाट निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्ने व्यवस्था रहेको तथा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (२) बमोजिम बालबालिकाको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले तथा आफैं उपस्थित हुन नसक्ने लाभग्राहीको हकमा निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्ने व्यवस्था रहेको छ। साथै, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ७ को उपदफा (४) मा समेत संरक्षकमार्फत नवीकरणका लागि निवेदन पेश गरी नवीकरण गर्न सकिने व्यवस्था रहेको छ।

अतः बालबालिका तथा आफैं उपस्थित हुन नसक्ने अशक्त लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण वा नयाँ लाभग्राही दर्ता गर्दा उल्लिखित कानूनी व्यवस्था अनुसार सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुहुन, साथै, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई नवीकरण तथा नयाँ दर्ताको क्रममा कुनै किसिमको असुविधा नहुने गरी प्रचलित कानूनबमोजिम सहज, सरल र सेवाग्राहीमैत्री ढंगबाट सेवा प्रवाह गर्न/गराउनुहुन निर्णयानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Juna Khadka Khatri
junak2044@gmail.com

(जुना खड्का खत्री)
शाखा अधिकृत